# खण्ड-१

## देवाही गोनाही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### प्रेमपुर गोनाही, रौतहट

### प्रदेश नं. २

## अत्यावश्यक औषधी तथा सर्जिकल समान र सेनिटरी प्याड खरिद सम्बन्धि सूचना

शिलबन्दी दरभाउपत्र अहवानको सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०७७/०२/२३

| **सि.नं.** | **शिलबन्दी** दरभाउपत्र **नं.** | **कामको विवरण** | **इस्टिमेट रकम रु.** | **धरौटी** |
|---|---|---|---|---|
| १ | DGMUN-BD **01/076/77** | निशुल्क वितरणको लागि औषधी तथा सर्जिकल समान खरिद | रु १४,९८३५०/- भ्याट सहित (अक्षरेपी रु. चौध लाख अनठान्बे हजार तीन सय पचास मात्र) | रु. ३७,५००/- |
| २ | DGMUN-BD 02/076/77 | सेनिटरी प्याड खरिद | रु ११०१६०० /- भ्याट सहित (अक्षरेपी रु. एघार लाख एक हजार छ सय मात्र) | रु २७,६००/- |

१. औषधी तथा सर्जिकल समान र सेनिटरी प्याड आपुर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धीत निकायमा दर्ता भएका आपुर्तिकर्ताहरुबाट आ.व.२०७६/७७ को औषधी तथा सर्जिकल समान सेनिटरी प्याड आपुर्ति गर्न देवाही गोनाही नगरपालिकाको र्कायालय, प्रेमपुर गोनाही **शिलबन्दी** दरभाउपत्र अहवान गर्दछ ।

२. खरिद गरिने औषधी तथा सर्जिकल समान र सेनिटरी प्याड किसिम तथा परिमाण शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपुर्तिकर्ताले लिखित आवेदन सहित पहिलो पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र प्रति शिलबन्दी दरभाउ पत्र रु. १,०००।०० (अक्षरेपी रु. एक हजार मात्र) फिर्ता नहुने गरी देवाही गोनाही नगरपालिकाको र्कायालय, प्रेमपुर गोनाहीमा नगद बुझाएको नगदी रसिद निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधीले यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

४. **शिलबन्दी** दरभाउपत्रको मान्य अवधि शिलबन्दी दरभाउपत्र खोलिएको मिती देखि ४५ दिनको हुनेछ ।

५. **शिलबन्दी** दरभाउपत्र खरिद गर्नका लागि निवेदकको आ.व. ०७६/७७ को लागि नविकरण गरेको कम्पनी दर्ता प्रमाण पत्र, फर्म दर्ता प्रमाण पत्र, औषधी व्यवसायी प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, आ.व.०७५/७६ को

करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र शिलबन्दी दरभाउपत्र पेश गर्दा शिलबन्दी दरभाउपत्र साथ जमानत वापत बोल कवोल रकमको २.५ प्रतिशतले हुने रकम रु ३७५००/- र २७६००/- नेपाल बंगलादेश बैक, प्रेमपुर गोनाही स्थित देवाही गोनाही नगरपालिकाको र्कायालय, प्रेमपुर गोनाहीको धरौटी खाता नं. ०७४००००८४१ मा नगदै दाखिला गरेको सक्कलै बैंक भौचर वा शिलबन्दी दरभाउपत्र खोलिने मिती देखि गणना हुनेगरी कम्तिमा ४५ दिन म्याद भएको मान्यता प्राप्त 'क' श्रेणीको बाणिज्य बैंकको यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

६. खरिद भएको शिलबन्दी दरभाउपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितीले १६ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला/दर्ता गरि सक्नु पर्छ । दाखिला/दर्ता शिलबन्दी दरभाउपत्रहरु १६ औं दिन दिउसो २.०० बजे शिलबन्दी दरभाउपत्रदता वा निजको प्रतिनिधीहरु रोहवरमा देवाही गोनाही नगरपालिकाको र्कायालय, प्रेमपुर गोनाहीमा खोलिने छ । शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न यस कार्यालयलाई बाधा पर्ने छैन । पुर्व निधारित मितीमा कुनै कारणबस शिलबन्दी दरभाउपत्र नखोलिएको अवस्थामा शिलबन्दी दरभाउपत्रको जमानत मान्य अवधिको गणना पुर्व निधारित मिती देखि नै गरिनेछ ।

७. शिलबन्दी दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्बन्धी काम सो को भोलि पल्ट सोही समयमा हुनेछ । शिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न हुन समेत ब्यवहोरा जानकारी गराइन्छ ।

८. शिलबन्दी दरभाउपत्र दाताले सवै आइटममा दररेट अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । कुनै आइटममा दररेट अंक र अक्षरमा उल्लेख गरेको नपाईएमा शिलबन्दी दरभाउपत्र फारमलाई मान्यता दिइने छैन । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

९. म्याद नाघी आएको र रीत नपुगेको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. बजेटको स्थिति अनुसार खरिद गरिने औषधीहरुको र सिनेटरी प्याडको परिणाम थपघट हुन सक्नेछ ।

११. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको शिलबन्दी दरभाउपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

१२. औषधी तथा सर्जिकल समान र स.सिनेटरी प्याड आपुर्ति गर्ने अवधि भित्र कुनै किसिमको मुल्य वृद्धि गर्न पाईने छैन ।

१३. शिलबन्दी दरभाउपत्र दाताले आफ्नो फर्म कालो सुचीमा परेको छैन भनी फर्मको नामबाट स्वयम घोषणा गरेको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र आफुले शिलबन्दी दरभाउपत्रमा उल्लेख गरेको औषधीहरुको नमुना शिलबन्दी गरी शिलबन्दी दरभाउपत्र दाखिला गर्दा सो समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१४. शिलबन्दी दरभाउपत्रदाताले आफुले सप्लाई गर्नु पर्ने औषधीहरु र सिनेटरि प्याड कार्यालयमा सप्लाई गर्दा कार्यालयले गठन गरेको समितिको निरिक्षण तथा मुल्यांकन गराई सकेपछि मात्र स्टोर दाखिला गरिनेछ ।

१५. स्वीकृत शिलबन्दी दरभाउपत्रदाताले मुल्य अंकित औषधीा र सिनेटरीमा प्याड बढि दररेट राख्ने पाउने छैन ।

१६. स्वीकृत शिलबन्दी दरभाउपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यक्ता अनुसार फरक फरक अर्डर दिई खरिद गरिनेछ । साथै सप्लाई गरिने औषधी र सिनेटरि प्याडका म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तिमा १८ महिनाको बाँकी भएको हुनु पर्नेछ । औषधी र सिनेटरि प्याडको म्याद १८ महिना भन्दा कम हुने औषधीको हकमा Expiry date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सक्नेछ ।

१७. आपुर्ति हुने सम्पुर्ण औषधीहरु WHO GMP Certified Company र सर्जिकल समानहरु ISO certified company बाट उत्पादित भएको हुनु पर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीबाट उत्पादित औषधी आपुर्ति गर्नुपर्ने भएमा उक्त कम्पनीहरुको WHO/GMP सर्टिफिकेट अनिवार्य रुपमा शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१८. सप्लाई हुने औषधी र सिनेटरी प्याड प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry date, ब्याच नम्बर तथा Supply for Ministry of Health and Population Nepal वा "नेपाल सरकारबाट निशुल्क वितरणको लागि" भनी स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।

१९. यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

२०. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा शिलबन्दी दरभाउपत्र हेर्नु परेमा देवाही गोनाही नगरपालिकाको र्कायालय, प्रेमपुर गोनाही रौतहटमा सर्म्पक राख्न सकिन्छ । साथै यो सुचना यस कार्यालयको वेभ साईट www.dewahigonahimun.gov.np मा पनि हेर्न सकिन्छ ।

विजय कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत

देवाही गोनाही नगरपालिका